**थलारा गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः९ संख्याः५ मिति २०८२ साल चैत्र २ गते

## भाग -२

**थलारा गाउँपालिका विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८२**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/०२

**प्रस्तावनाः**

थलारा गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थी संख्या, सञ्चालनमा रहेका कक्षा, भौगोलिक अवस्थिति, सेवा क्षेत्रको जनसंख्या तथा कार्यरत शिक्षकको विषयगत अवस्थालाई आधार मानी विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरी प्रभावकारी शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड ज.११ तथा थलारा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "**थलारा गाउँपालिका विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८२**" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) **"सङ्घीय ऐन"** भन्नाले शिक्षा ऐन, २०२८(संशोधन सहित) सम्झनु पर्नेछ।

ख) **"कार्यपालिका"** भन्नाले थलारा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्नेछ।

ग) **"दरबन्दी"** भन्नाले सामुदायिक विद्यालयको शिक्षकको स्वीकृत स्थायी दरबन्दी सम्झनु पर्नेछ र सो शब्दले करार, राहत शिक्षक,संघीय अनुदान, गाउँपालिका अनुदान र प्राविधिक धार तर्फका प्रशिक्षक समेतलाई जनाउँछ।

घ) **"दरबन्दी मिलान"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई यस कार्यविधि बमोजिम विद्यार्थी सङ्ख्या, शैक्षिक योग्यता, विषय, सम्बन्धित विद्यालयमा कार्यरत सेवा अवधि समेतका आधारमा सरुवा गर्ने, पदस्थापन गर्ने वा मिलान गरी दरबन्दी थपघट गर्ने कार्य सम्झनु पर्नेछ ।

ङ) **"सङ्घीय कार्यविधि"** भन्नाले सङ्घीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ सम्झनु पर्नेछ।

च) **"गाउँ शिक्षा समिति"** भन्नाले थलारा गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्नेछ।

छ) **"विद्यालय समायोजन"** भन्नाले विद्यालय गाभ्ने, ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने, बन्द गर्ने कार्य वा तह घटाउने वा कक्षा घटाउने भन्ने बुझ्नु पर्छ ।

ज) **"ऐन"** भन्नाले थलारा गाउँपालिका शिक्षा ऐन २०७५ लाई सम्झनु पर्नेछ।

झ) **"नियमावली"** भन्नाले थलारा गाउँपालिकाको शिक्षा नियमावली, २०७५ लाई सम्झनु पर्नेछ।

ञ) **"कार्यदल"** भन्नाले गाउँपालिकाले दफा १३ बमोजिम गठन गरेको कार्यदल वा समिति वा उपसमितिलाई सम्झनु पर्नेछ।

ट) **"स्थानान्तरण"** भन्नाले गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयबाट गाउँपालिका भित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनुपर्नेछ।

ठ) **"शाखा"** भन्नाले थलारा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

## परिच्छेद-२

## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

३. **विद्यालय समायोजन** : (१) गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या, भूगोलिक दुरी र सेवा क्षेत्रको जनसंख्यालाई मध्येनजर गरी विद्यालयहरुको तह वा कक्षा समायोजन गर्नुपर्नेछ।

४. **विद्यालय समायोजनका आधार** : (१) दफा ३ बमोजिम विद्यालय समायोजन गर्दा देहायका आधारमा गर्नुपर्नेछ :-

(क) चालु शैक्षिक सत्रको अद्यावधिक तहगत र कक्षागत विद्यार्थी सङ्ख्या

(ख) एउटा विद्यालयबाट नजिकको अर्को विद्यालय सम्मको भौगोलिक दुरी तथा भौगोलिक अवस्थिति, बाटोघाटोको पहुँच

(ग) सेवा क्षेत्रको जनसंख्या

(घ) सेवा क्षेत्र भित्रको जनसंख्या मध्ये विद्यालय जाने उमेर समूहको जनसंख्या

(ङ) विद्यालयको आन्तरिक स्रोत र समुदायको योगदान

५. **विद्यालय समायोजन प्रक्रिया** : (१) गाउँपालिका भित्रका विद्यालयहरु समयोजन गर्दा सामान्यतया देहायको प्रक्रिया अवलम्बन गरिनेछ।

(क) शाखाले गाउँपालिका भित्रका विद्यालयहरुको कक्षागत तथा तहगत विद्यार्थी संख्या, भौगोलिक अवस्था, सेवा क्षेत्रको जनसंख्या लगायत आवश्यक तथ्याङ्क तयार गरी कार्यदल वा गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

(ख) गाउँ कार्यपालिकाले आफै वा कार्यदलको सिफारिसको आधारमा उपलब्ध तथ्याङ्कको आधारमा विद्यालय गाभ्ने, ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने, बन्द गर्ने, कार्य वा तह घटाउने वा कक्षा घटाउने निर्णय गर्न सक्नेछ।

(ग) खण्ड (ख) बमोजिम विद्यालय समायोजन गर्ने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा विकास तथा समन्वय इकाइमा समेत जानकारी दिनुपर्नेछ।

(घ) विद्यालय समायोजन हुँदा कुनै विद्यालय खारेज गर्नुपर्ने भएमा उक्त विद्यालयको भौतिक सम्पत्ति गाउँपालिकाले अर्को विद्यालयलाई हस्तान्तरण गर्न वा गाउँपालिकाले अन्य सार्वजनिक प्रयोजनका लागि उपयोग गर्न सक्नेछ।

## परिच्छेद-३

## शिक्षक दरबन्दी सम्बन्धी व्यवस्था

**६. दरबन्दी निर्धारण तथा मिलान** : (१) गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा आधारभूत तहको प्रारम्भिक बालविकास देखि कक्षा पाँचसम्म भएको विद्यालयमा सञ्चालित कक्षा र विद्यार्थी सङ्ख्याको आधारमा र आधारभूत तहको कक्षा छ देखि आठ तथा माध्यमिक तहमा विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा र विषयका आधारमा शिक्षक दरबन्दी निर्धारण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको दरबन्दी निर्धारण गर्दा दफा ७ का आधारमा गर्नुपर्नेछ ।

**७. दरबन्दी मिलानका आधार** : (१) दरबन्दी मिलान गर्दा देहायका आधारमा गर्नेछ :-

(क) चालु शैक्षिक सत्रको अद्यावधिक तहगत र कक्षागत विद्यार्थी सङ्ख्या

(ख) विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, करार, राहत, अनुदान कोटाको सङ्ख्यात्मक विवरण

(ग) विद्यालयमा सञ्चालित कक्षाको संख्या

(घ) सङ्घीय कानुन र कार्यविधिमा उल्लिखित व्यवस्था

(३) विशेष प्रकृतिका शिक्षा प्रदान गर्ने विद्यालयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेको मापदण्डबमोजिम हुनेछ ।

**८. दरबन्दी कायम** : (१) सामान्यतः गाउँपालिका क्षेत्र भित्र सञ्चालित विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा न्यूनतम दरबन्दी देहाय बमोजिम कायम गर्नेछ :

| क्र.स. | विद्यालयको तह/ प्रकार | शिक्षक विद्यार्थी अनुपात | कायम हुने न्यूनतम दरबन्दी | विद्यार्थी सङ्ख्याका आधारमा कायम हुने दरबन्दी |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास | १:२० | १ | अधिकतम १ |
| २ | कक्षा १ सम्म सञ्चालित विद्यालय | १:२० | १ | अधिकतम १ |
| ३ | आधारभूत तह कक्षा १-३ सम्म सञ्चालित विद्यालय | १:२० | २ | ४१ जना वा सो भन्दा बढी विद्यार्थी भए-३ दरबन्दी |
| ४ | आधारभूत तह कक्षा १-५ सञ्चालित विद्यालय | १:२० | ३ | ६१ जना देखि ८० जना सम्म विद्यार्थी भए- ४ दरबन्दी<br>८१ जना वा सो भन्दा बढी विद्यार्थी भए- ५ दरबन्दी |
| ५ | आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालय | १:२० | ३ | बिषयगत आधारमा<br>गणित/विज्ञान -१<br>नेपाली/अंग्रेजी-१ |

| | | | | |
|---|---|---|---|---|
| | | | | सामाजिक/स्थानीय-१ |
| ६ | माध्यमिक तह कक्षा ९-१० सञ्चालित विद्यालय | १:२० | ४ | बिषयगत आधारमा<br>गणित/विज्ञान -१<br>नेपाली-१<br>अंग्रेजी-१<br>सामाजिक-१ |
| ७ | माध्यमिक तह कक्षा ११-१२ सञ्चालित विद्यालय | १:२० | ४ | बिषयगत आधारमा ४ |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आधारभूत तह १-८, माध्यमिक १-१० वा माध्यमिक १-१२ सम्म सञ्चालित विद्यालयहरुमा माथिल्लो तह दरबन्दी अभाव भएमा आधारभूत १-५ तहको दरबन्दी कम्तिमा ५ हुने गरी निर्धारण गरिनेछ।

(३) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आएका दरबन्दीलाई जगेडा दरबन्दीको रूपमा राखी विद्यार्थी संख्या तथा विषयगत आवश्यकताका आधारमा आवश्यकता देखिएका विद्यालयमा पुनः वितरण गरिनेछ।

(४) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा न्यूनतम भन्दा बढी भएको दरबन्दीबाट माथिल्लो तहको शैक्षिक योग्यता पुगेका शिक्षकलाई व्यवस्थापन गर्ने सुनिश्चित गरी माथिल्लो तहमा पूर्ति हुने गरी दरबन्दी मिलान गर्न सकिनेछ।

(५) दरबन्दीलाई समानुपातिक तरिकाले वितरण गर्दा अपुग भएमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा क्रमशः पूर्ति गर्न सकिनेछ ।

(६) उपदफा (१) बमोजिम न्यूनतम दरबन्दी मिलान गर्दा सामुदायिक विद्यालयको शिक्षकको स्वीकृत स्थायी दरबन्दी, करार, राहत दरबन्दी र संघीय शिक्षण अनुदानलाई समेत आधार मानी मिलान गरिनेछ।

(७) यस कार्यविधिमा तोकिएको न्यूनतम मापदण्ड अनुसारको कुल तहगत दरबन्दी भन्दा कुनै तहमा बढी शिक्षक कार्यरत भएमा दरबन्दी कटौती हुने विद्यालयमा कार्यरत गाउँपालिका अनुदानका शिक्षक स्वतः सेवाबाट अलग हुनेछन्।

(८) उपदफा ५ बमोजिमको दरबन्दी मिलान गर्दा समेत न्यूनतम दरबन्दी अनुसार शिक्षक दरबन्दी अपुग भएमा मात्र स्थानीय तहको अनुदान शिक्षक दरबन्दी थप गर्न सकिनेछ।

## परिच्छेद ४
## शिक्षक व्यवस्थापन

९. **शिक्षकको स्थानान्तरणः** (१) दरबन्दी मिलान भइ कायम भएको दरबन्दी भन्दा बढी संख्यामा शिक्षक कार्यरत रहेको विद्यालयबाट शिक्षक दरबन्दी थप हुने विद्यालयमा जान चाहने शिक्षकहरुबाट तोकिएको ढाँचामा स्वेच्छिक रुपमा निवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृतले १५ दिनको सूचना टाँस गरी निबेदन संकलन गर्नुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) अनुसार प्राप्त निवेदनको छानविन गरी बिषयगत आवश्यकता समेत हेरी गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षक स्थानान्तरण गरी सोको जानकारी कार्यपालिका, शिक्षा विकास तथा समन्वय इकाइ तथा मानव स्रोत विकास केन्द्रमा समेत दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन माग गर्दा कुनै विद्यालयमा जान आवश्यकता भन्दा बढी निवेदन परेमा निवेदकहरुको देहायको आधारमा रोजेको प्राथमिकता अनुसारको विद्यालयमा स्थानान्तरण गरिनेछ।

क) छोड्ने विद्यालय र जाने विद्यालयको बिषयगत आवश्यकता

द्रष्टव्यः **बिषयगत आवश्यकता भन्नाले आधारभूत ६-८, माध्यमिक ९-१२ को शिक्षकको हकमा सोही तहको तथा आधारभूत १-५ तहमा कार्यरत शिक्षकको हकमा निजको माथिल्लो तहको योग्यता र विद्यालयमा माथिल्लो तह सञ्चालन भएमा आवश्यक पर्ने बिषय शिक्षकको आवश्यकतालाई सम्झनुपर्दछ।**

ख) सोही विद्यालयमा बढी सेवा अवधि पुगेको स्थायी शिक्षक

ग) सोही विद्यालयमा बढी सेवा अवधि पुगेको राहत शिक्षक

घ) सम्बन्धित तहको नियुक्तिको आधारमा जेष्ठतम् स्थायी शिक्षक

ङ) सम्बन्धित तहमा कार्यरत उमेरले जेष्ठतम् शिक्षक

(४) उपदफा (१) बमोजिम निवेदन माग गर्दा कुनै विद्यालयमा जान आवश्यकता भन्दा कम निवेदन परेमा वा निवेदन नै नपरेमा जुन विद्यालयबाट दरबन्दी कटौती भएको हो उक्त विद्यालयमा कार्यरत सम्बन्धित तहका शिक्षकहरु मध्ये देहायको आधारमा स्थानान्तरण गरिनेछ।

क) छोड्ने विद्यालय र जाने विद्यालयको बिषयगत आवश्यकता

द्रष्टव्यः **बिषयगत आवश्यकता भन्नाले आधारभूत ६-८, माध्यमिक ९-१२ को शिक्षकको हकमा सोही तहको तथा आधारभूत १-५ तहमा कार्यरत शिक्षकको हकमा निजको माथिल्लो तहको योग्यता र विद्यालयमा माथिल्लो तह सञ्चालन भएमा आवश्यक पर्ने बिषय शिक्षकको आवश्यकतालाई सम्झनुपर्दछ।**

ख) दरबन्दी कटौती भएको विद्यालयमा कार्यरत करार वा अस्थायी शिक्षक

ग) दरबन्दी कटौती भएको विद्यालयमा कार्यरत राहत शिक्षक

घ) दरबन्दी कटौती भएको विद्यालयमा कार्यरत सोही विद्यालयमा बढी सेवा अवधि पुगेको शिक्षक

ङ) दरबन्दी कटौती भएको विद्यालयमा कार्यरत सम्बन्धित तहको जेष्ठ शिक्षक

च) दरबन्दी कटौती भएको विद्यालयमा कार्यरत सम्बन्धित तहको उमेरले कनिष्ठ शिक्षक

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षकको स्थानान्तरण गर्दा शारीरिक रुपले अशक्त शिक्षक तथा महिलालाई यथासक्य पायक पर्ने वा पहिलो रोजाईको विद्यालयमा स्थानान्तरण गर्न सकिनेछ।

(६) यस कार्यविधि बमोजिम शिक्षक स्थानान्तरण गर्दा "क" र "ख" वर्गका अपाङ्गता भएका शिक्षक तथा उमेरको कारणले अवकाश हुन २ बर्ष भन्दा कम सेवा अवधि बाँकी रहेका शिक्षकलाई उसको इच्छा विपरित स्थानान्तरण गरिनेछैन ।

(७) नियमावली अनुसार विद्यालयमा रहनु पर्ने न्यूनतम महिला शिक्षकको व्यबस्था यथासम्भव लागु हुने गरी शिक्षक स्थानान्तरण गर्नुपर्नेछ।

(८) दरबन्दी मिलानको क्रममा रिक्त रहेका दरबन्दी एबम राहत कोटालाई यसै कार्यविधि बमोजिम मिलान गर्ने र पदपूर्तिका लागि शिक्षा विकास तथा समन्वय इकाइ मार्फत अनुमति माग गरिनेछ।

(९) दरबन्दी मिलान प्रक्रिया प्रारम्भ हुँदा रिक्त रहेको वा दरबन्दी मिलानको क्रममा कुनै कारणबाट शिक्षक दरबन्दी रिक्त हुन आएमा दरबन्दी मिलान कार्य सम्पन्न नभए सम्म अन्य प्रक्रियाबाट त्यस्तो पदको पदपूर्ति गरिनेछैन।

(१०) यस दफा बमोजिम गरिएको शिक्षक स्थानान्तरण सम्बन्धी निर्णय उपर चित्त नबुझेमा सम्बन्धित शिक्षकले निर्णय भएको मितिले ७ दिन भित्र गाउँ कार्यपालिकामा निवेदन दिन सक्नेछ।

१०. **शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्नेः** यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ। यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैनन्।

११. **विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेः** दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

१२. **प्रधानाध्यापक जिम्मेवार हुनेः** यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

## परिच्छेद- ५

## विविध

१३. **समिति वा कार्यदल गठनः** (१) यस कार्यविधि बमोजिम विद्यालय समयोजन तथा शिक्षक दरबन्दी मिलानको लागि सिफारिस गर्न गाउँ कार्यपालिकाले आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) समिति वा कार्यदलको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहने छ।

(३) समिति वा कार्यदलको लागि आबश्यक पर्ने स्टेशनरी, कम्प्यूटर तथा अन्य आबश्यक खर्चको व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

१४. **समन्वय तथा सहयोग गर्नु पर्नेः** नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघसंगठनहरुले शिक्षक दरवन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि स्थानीय तह, गाउँ कार्यपालिका, कार्यदल तथा शाखाले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ ।

१५. **समन्वय र सहजीकरण गर्नेः** दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ।

१६.**खारेजी र बचाउः** (१) थलारा गाउँपालिका शिक्षक दरबन्दी मिलान कार्यविधि,२०८० खारेज गरिएको छ।

(२) यस अघि भएका विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१७. **बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यान्वयनमा कुनै नीतिगत वा प्रक्रियागत बाधा,अड्काउ आईपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउने आवश्यक निर्णय गर्नेछ।

१८. **बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

**आज्ञाले,**

**प्रयाग राज पाध्या**

**प्रमुख प्रशासकीय अधिकृत**